दायित्व र शेयरधनीको कोष				
शेयरधनीको कोष				
शेयर पूँजी	१,७५०,०००	१,७५०,०००	१,७५०,०००	२,६२५,०००
बाँडफाँड गरेपछि बाँकी रहेको आवेदन रकम	-	-	-	-
शेयर प्रिमियम	-	-	-	१३,०३७
महा विपत्ती जगेडा	५९,५९६	९०,१४१	१२५,७५१	१४३,८०१
सञ्चित कोष	३१७,२०५	३९४,२१३	४७७,१९६	६४१,११०
अन्य जगेडा	२२८,२०६	४२४,६५७	६६४,६५९	६३९,१००
कुल शेयरधनीको कोष	२,३५५,००७	२,६५९,०११	३,०१७,६०६	४,०६२,०४८
दायित्व				
व्यवस्थाहरु	२१,२१०	२७,१२३	१७,६५८	१७,६५७
बीमा करार दायित्व	२,०५७,४६१	४,०४५,२९८	७,०२६,६६९	९,२३६,१३९
स्थगन कर दायित्व	-	-	-	-
बीमा अन्तर्गत भुक्तानी दिनुपर्ने	३७,९०४	६७,२०६	९६,०८०	१०,३५०
चालु कर दायित्व	-	-	-	-
कर्जा तथा सापटी	१,४५७	-	-	-
अन्य वित्तीय दायित्व	२२२,७०५	२०९,२५५	२६६,९१४	२१९,०३२
अन्य दायित्व	४८,५४०	१००,५७९	१२०,७०२	१२६,५१५
कुल दायित्व	२,३८९,२७८	४,४४९,४६१	७,५२८,०२२	९,६०९,६९४
कुल दायित्व र शेयरधनीको कोष	४,७४४,२८५	७,१०८,४७१	१०,५४५,६२८	१३,६७१,७४२

नाफा-नोक्सान हिसाब

(रकम रु.हजारमा)

विवरण	वास्तविक			*आ.व.२०७९ चैत्र मसान्त
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
आय				
कुल प्रिमियम	१,८५७,९७१	३,५५६,७०९	४,९५३,८५६	४,०१८,३४८
जोखिम हस्तान्तरण प्रिमियम	(११,७४९)	(१३९,५९४)	(११४,५५०)	(२९०,०५९)
खुद प्रिमियम	१,८४६,२२२	३,४१७,११४	४,८३९,३०६	३,७२८,२८९
कमिशन आम्दानी	१,६२५	१९,४३१	२९,०४६	-
लगानीबाट आम्दानी	३३९,७४०	५२१,७९१	७३३,८४७	८१७,२४६
बजार मूल्यमा खुद प्राप्त नाफा/(नोक्सान)	-	-	-	-
खुद प्राप्त नाफा/(नोक्सान)	-	-	-	-
अन्य आम्दानी	४१२	१,५३३	४,१४०	१३,९०२
कुल आय	२,१८७,९९९	३,९५९,८६९	५,६०६,३३८	४,५५९,४३७
खर्च				
कुल दावी रकम भुक्तानी	१४९,५७९	५८३,८०५	१,२८६,११७	१,३३३,१६८
कुल दावी भुक्तानीमा पुनर्बीमकको हिस्सा	(२८,३१७)	(५९,१२४)	(११७,११८)	(११४,७४४)
बीमाको करार दायित्वमा परिवर्तन	१,०६१,९६३	२,०१७,३०२	२,६२०,४०१	२,२७५,४६५
पुनर्बीमाको हिस्साको करार दायित्वमा परिवर्तन	(२५,७६३)	(२२,५९४)	(१२,८१५)	(२८,८३३)
खुद लाभ तथा दावी भुक्तानी	१,१५७,४६१	२,५१९,३९०	३,७७६,५८५	३,३८५,०५६
कमिशन खर्च	३६५,०५३	६२८,९०६	८२६,८०१	४९५,९५६
सेवा शुल्क	१८,९९६	३४,१९६	५०,१४१	३१,७७०
कर्मचारी सेवा	१७९,५९७	११४,४३६	२३५,७०३	१८०,२१२
ह्रासकट्टी र परिशोधन खर्च	१५,३२६	१६,४७७	२०,०२३	२२,६८९
इमपेरिमेन्ट खर्च	१,५२२	२९०	१,३११	-
अन्य खर्च	३२१,२१५	४६२,४०१	५४७,८५७	२६३,२५६
वित्तीय लागत	५३७	१,१६७	३४	-
कुल खर्च	२,०५९,७०७	३,८५७,२६२	५,४५८,४५५	४,३७८,९३८
कर अघिको नाफा	१२८,२९१	१०२,६०७	१४७,८८३	१८०,४९८
कर खर्च/(आम्दानी)	(१४०,७५३)	(१९७,८९९)	(२२८,१९२)	-
खुद नाफा यस वर्षको	२६९,०४४	३००,५०६	३७६,०७१	१८०,४९८

**आ.व. २०७९/८० को चैत्र मसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।*

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

वासलात

(रकम रु.हजारमा)

विवरण	प्रक्षेपित		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सम्पत्ति			
अदृष्य सम्पत्ति	४,०६५	५,११४	६,०१३
सम्पत्ति, मेशिन र उपकरण	१५१,३४४	१७५,२५७	१९४,२२२
लगानी सम्पत्ति	-	-	-
स्थगन कर सम्पत्ति	८५९,७०७	१,०१४,१७३	१,२१९,२१७
सहायक कम्पनीहरुमा लगानी	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-
लगानी	१६,१९१,६९१	२२,९२७,०६६	३२,१९१,०२६
कर्जा	६६०,८९३	८७४,९१९	१,१६०,४५२
पुनर्बीमा सम्पत्ति	३४४,२९७	४४७,५४९	५८०,६८५
चालु कर सम्पत्ति	३३९,०१४	४५५,९३०	५९०,३१४
बीमकबाट प्राप्त हुन बाँकी	-	-	-
अन्य सम्पत्ति	८,९६७	८,९३३	८,९३३
अन्य वित्तीय सम्पत्ति	९६,६८९	११६,९८४	१३५,३८१
नगद र नगद समान	१४०,२०२	१०९,३८०	८१,०५६
कुल सम्पत्ति	१८,७९६,८७०	२६,१३५,३०६	३६,१६७,३०१
दायित्व र शेयरधनीको कोष			
शेयरधनीको कोष			
शेयर पूँजी	३,७५०,०००	५,०००,०००	५,०००,०००
बाँडफाँड गरेपछि बाँकी रहेको आवेदन रकम	-	-	-
शेयर प्रिमियम	१,५५२,०३७	३०२,०३७	३०२,०३७
महा विपत्ती जगेडा	१८६,९१२	२७२,२३९	३६४,११४
सञ्चित कोष	८१७,४७०	१,४२२,०३७	२,०३४,४३१
अन्य जगेडा	८६०,७४८	१,०२४,२४७	१,२३८,८१२
कुल शेयरधनीको कोष	७,१६७,१६८	८,०२०,५६१	८,९३९,३९५
दायित्व			
व्यवस्थाहरु	५०,७५७	५०,७५७	५०,७५७
बीमा करार दायित्व	१०,९६६,३७३	१७,३४४,२५९	२६,३०३,०२३
स्थगन कर दायित्व	-	-	-
बीमा अन्तर्गत भुक्तानी दिनुपर्ने	१०८,१७१	११७,४८०	१४१,९५१
चालु कर दायित्व	-	-	-
कर्जा तथा सापटी	-	-	-
अन्य वित्तीय दायित्व	३८५,४००	४६४,१७४	५७१,९६०
अन्य दायित्व	११९,००१	१३८,०७५	१६०,२१५
कुल दायित्व	११,६२९,७०२	१८,११४,७४५	२७,२२७,९०६
कुल दायित्व र शेयरधनीको कोष	१८,७९६,८७०	२६,१३५,३०६	३६,१६७,३०१

नाफा-नोक्सान हिसाब

(रकम रु.हजारमा)

विवरण	प्रक्षेपित		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
आय			
कुल प्रिमियम	६,३८०,७३९	८,७८३,०८६	११,५५२,१६९
जोखिम हस्तान्तरण प्रिमियम	(१३०,१३३)	(९५,९१३)	(१०२,४३९)
खुद प्रिमियम	६,२५०,६०६	८,६८७,१७३	११,४४९,७३०
कमिशन आम्दानी	३२,४०४	५७,१६२	७७,३९५
लगानीबाट आम्दानी	१,३१४,९८६	१,७६४,१६८	२,१७३,२०९
बजार मूल्यमा खुद प्राप्त नाफा/(नोक्सान)	-	-	-
खुद प्राप्त नाफा/(नोक्सान)	-	-	-
अन्य आम्दानी	-	-	-
कुल आय	७,५९७,९९६	१०,५०८,५०३	१३,७००,३३४
खर्च			
कुल दावी रकम भुक्तानी	१,५०३,३६१	१,५१५,३५२	१,६२४,९१६
कूल दावी भुक्तानीमा पुनर्बीमकको हिस्सा	(१७२,७०७)	(१६२,०११)	(१८२,२६०)
बीमाको करार दायित्वमा परिवर्तन	३,६६७,३२९	६,०४२,०८४	८,५०९,३३३
पुनर्बीमाको हिस्साको करार दायित्वमा परिवर्तन	(१६,५७६)	(२१,४३१)	(२७,६९७)
खुद लाभ तथा दावी भुक्तानी	४,९८१,४०७	७,३७३,९९४	९,९२४,२९३
कमिशन खर्च	१,१९०,४३१	१,१२३,९२०	१,४६१,०८१
सेवा शुल्क	४८,५८५	६७,३००	८८,७५२
कर्मचारी सेवा	३०४,२०९	३८७,५९३	४५१,१३७
ह्रासकट्टी र परिशोधन खर्च	३०,३६४	२७,६९२	३२,७९०
इमपेरिमेन्ट खर्च	-	-	-
अन्य खर्च	६२३,६७७	८२९,४७३	१,०२८,८२४
वित्तीय लागत	१५,०३४	३४	-
कूल खर्च	७,१९३,७०७	९,८१०,०७६	१२,९८६,८७७
कर अघिको नाफा	४०४,२८९	६९८,४२७	७१३,४५७
कर खर्च/(आम्दानी)	(२०७,३२५)	(१५४,९४२)	(२०५,२९४)
खुद नाफा यस वर्षको	६११,६१४	८५३,३६९	९१८,७५१

नोट : नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन मान बीमा कम्पनीहरुलाई पनि अनिवार्य रुपमा लागु भई सकेको हुदा माथि प्रस्तुत गरिएको प्रक्षेपित वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार पारी प्रस्तुत गरिएको छ ।

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण
१	आ.व. २०७९/०८० मा सार्वजनिक निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.३७५ करोड र आ.व. २०८०/०८१ मा संचित मुनाफा लगायतका रकम पूँजीकरण गरी रु.५०० करोड प्रक्षेपण गरिएको ।
२	खुद नाफाको १० प्रतिशत महाविपत्ति जगेडा कोषका लागि छुट्याइ प्रक्षेपण गरिएको ।
३	वास्तविक वित्तीय विवरण अनुसार ह्रासकट्टी दर कायम गरिएको ।
४	सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई कमर्सियल तथा डेभलपमेण्ट बैंकहरुको वोण्ड, डिवेञ्चर तथा मुद्दति निक्षेप, नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र तथा बचतपत्र, पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर, घर जग्गा व्यवसाय तथा उत्पादनमूलक व्यवसायिक परियोजनाहरुमा लगानी गर्ने गरी प्रक्षेपण गरिएको ।
५	वण्ड तथा डिवेञ्चरबाट प्राप्त व्याज रकममा १५ प्रतिशत र मुद्दति निक्षेपबाट प्राप्त व्याज रकममा ५ प्रतिशत अग्रीम करकट्टी हुने प्रक्षेपण गरिएको ।
६	Endowment को हकमा Policy कर्जा वार्षिक ३५ प्रतिशतले वृद्धि प्रक्षेपण गरिएको ।
७	अन्य अल्पकालिन कर्जामा Agent Loan र कर्मचारी कर्जा समावेश गरी प्रक्षेपण गरिएको जुन वर्ष वर्षमा २० प्रतिशतले वृद्धि हुनेछ ।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत चैत्र मसान्त २०७९	प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९		आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
चुक्ता पूँजी	१,७५०,०००	१,७५०,०००	१,७५०,०००	२,६२५,०००	३,७५०,०००	५,०००,०००	५,०००,०००
जगेडा तथा कोषहरु	६०५,००७	९०९,०११	१,२६७,६०६	१,४३७,०४८	३,४१७,१६८	३,०२०,५६१	३,९३९,३९५
कुल	२,३५५,००७	२,६५९,०११	३,०१७,६०६	४,०६२,०४८	७,१६७,१६८	८,०२०,५६१	८,९३९,३९५
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	२,३५५,००७	२,६५९,०११	३,०१७,६०६	४,०६२,०४८	७,१६७,१६८	८,०२०,५६१	८,९३९,३९५
शेयर संख्या ('०००)	१७,५००	१७,५००	१७,५००	२६,२५०	३७,५००	५०,०००	५०,०००
खुद नाफा-नोक्सान (रु.हजारमा)	२६९,०४४	३००,५०६	३७६,०७१	१८०,४९८	६११,६१४	८५३,२६९	९१८,७५१
प्रति शेयर नेटवर्थ (रु.)	१३४.५७	१५१.९४	१७२.४३	१५४.७४	१९१.१२	१६०.४१	१७८.७९
प्रति शेयर आम्दानी (रु.)	१५.३७	१७.१७	२१.४९	६.८८	१६.३१	१७.०७	१८.३८
नेटवर्थमा प्रतिफल (%)	११.४२	११.३०	१२.४६	४.४५	८.५३	१०.६४	१०.२८
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हूने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा							११.००%

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : ११.७३%

द्रष्टव्य : माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको बीमा बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पूनरावलोकन गरी विवरण ठीक छ भनी के.एम.यु.एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेन्टसद्वारा प्रमाणित गरेको हो ।

१४. सकारात्मक पक्षहरु :

१. देशको अनुभवी तथा दक्ष व्यक्तिहरुद्वारा स्थापित भएकोले यस कम्पनीको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको,
२. स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट बीमा व्यवसाय सेवा प्रदान गर्दै आइरहेको,
३. छिटो छरितो दावी भुक्तानी गर्न सक्षम,
४. कम्पनीको सञ्चालक समिति र व्यवस्थापनमा रहेको अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरको ज्ञान र अनुभव,
५. नीतिगत पारदर्शिता र बलियो संस्थागत सुशासन,
६. सामाजिक जिम्मेवारी र दायित्व ।

१५. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

अन्तरनिहित जोखिम र सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा निम्नानुसार रहेको छ :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
निक्षेप लगानी तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु तथा नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
लागू नहुने ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
१. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
२. पुनर्बीमा कम्पनीको कम्पनी/नेपालको बीमा बजार प्रतिको विश्लेषणबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।
३. बीमा प्रतिस्पर्धी बजारबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :**
लागू नहुने ।

(ङ) **विदेशी विनिमयको जोखिम :**
देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटवढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

(च) **कानुनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्नसक्ने अवरोधहरु :** सो नभएको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
१. अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
२. अन्तर्राष्ट्रिय बीमा बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
१. नेपाल सरकार तथा नेपाल बीमा प्राधिकरणबाट नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
२. देशको मौद्रिक नीति लगायत नेपाल बीमा प्राधिकरणबाट जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुने सम्भावित जोखिमहरु ।

(झ) **संचालन इतिहासको अभाव :**
यस कम्पनीले आफ्नो कारोवार मिति २०७४ कार्तिक २ गते देखि सञ्चालन गरेकोले कम्पनीको सञ्चालन इतिहास छोटो अवधिको रहेको छ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुनसक्ने जोखिम :**
१. नयाँ प्रविधिको विकास सँगै कम्पनीले प्रयोग गर्ने प्रविधिमा हुने परिवर्तनले पर्न सक्ने सञ्चालन तथा साखः सम्बन्धी जोखिम ।
२. प्रविधि सम्बन्धी परिवर्तनबाट कम्पनीको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनीकरण गर्न कम्पनी सक्षम रहेको छ ।

(ट) **अन्य :**
निम्न उल्लेखित जोखिमहरुको प्रभावकारी व्यवस्थापन गर्न नसकेको अवस्थामा जोखिम वहन गर्ने क्षमता एवं व्यावसायिक, आर्थिक एवं संचालन नतिजामा असर पर्न जानेछ :
१. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।

- वित्तीय साधनको समुचित व्यवस्थापनका लागि सम्पत्ति/दायित्व व्यवस्थापन विशेष ध्यान दिई अधिक प्रतिफलजन्य वित्तीय उपकरणहरुको पहिचानका लागि लगानी उपसमितिको भूमिका विस्तारित गर्ने ।
- निश्चित हद भन्दा माथिको बीमांक रकम स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुसँग पुनर्बीमा गरी बीमा व्यवसायमा अन्तर्निहित जोखिमको व्यवस्थापन गर्ने ।
- ग्राहक पहिचान सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउँदै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनको पूर्ण परिपालना गरी यस सम्बन्धी जोखिमको व्यवस्थापन गर्ने ।
- नेपाल बीमा प्राधिकरणद्वारा जारी लगानी निर्देशिका, संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनहरुको पूर्ण परिपालना गरी अन्तर्निहित जोखिम पहिचान गरी सोको व्यवस्थापन गर्ने ।
- बीमकको सूचना प्रविधि सम्बन्धी मार्गदर्शन तथा जोखिम व्यवस्थापन मार्गदर्शन अनुरुप कम्पनीको सूचना प्रविधि प्रणालीलाई चुस्त र अद्यावधिक बनाई राख्ने ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई प्रभावकारी लेखा परीक्षणको माध्यमबाट संस्थागत सुशासनका मान्यताहरु सुनिश्चित गर्ने ।
- उचित जोखिम मूल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने ।
- अनुभवी तथा दक्ष जनशक्तिद्वारा उचित दावी व्यवस्थापन गर्ने ।
- नेपाल बीमा प्राधिकरणद्वारा जारी लगानी निर्देशिका अनुरुप लगानी गर्ने ।
- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई लेखापरीक्षकले औल्याएका कैफियतहरु सुधार गर्दै लैजाने ।
- नेपाल बीमा प्राधिकरणले जारी गरेको संस्थागत सुशासन तथा अन्य निर्देशिकाहरु पालना गर्दै आई परेका चुनौतीहरुलाई व्यवस्थापन गर्दै अगाडी बढ्ने ।

जोखिम न्युनिकरणका लागि कम्पनीले देहाय अनुसार पुनर्बीमा गरेको छ :

पुनर्बीमाको प्रकार	विवरण	सम्झौता
म्यादी बीमा सम्बन्धी पुनर्बीमा (वैदेशिक रोजगारी)	पुनर्बीमा कम्पनीसँगको सम्झौता अनुसार कूल बीमाङ्कको ८०% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी २०% को जोखिम पुनर्बीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको । जसमा नेपाल रि-इन्स्योरेन्स कम्पनी लि. १० प्रतिशत र हिमालय रि-इन्स्योरेन्स लि.संग १० प्रतिशत पुनर्बीमाको सम्झौता गरिएको ।	(१) नेपाल रि-इन्स्योरेन्स कम्पनी लि. तथा हिमालय रि-इन्स्योरेन्स लि.संग मिति २०७९ श्रावण १ मा सम्झौता भई प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको ।
लघु बीमा सम्बन्धी पुनर्बीमा (लघु/कर्जा म्यादि बीमा)	पुनर्बीमा कम्पनीसँगको सम्झौता अनुसार कूल बीमाङ्कको ५०% जोखिम स्वयं कम्पनी आफैले बहन गर्ने र बाँकी ४०% को जोखिम नेपाल रि-इन्स्योरेन्स कम्पनी लि. र १० प्रतिशत जोखिम हिमालय रि-इन्स्योरेन्स लि.संग पुनर्बीमाको सम्झौता गरिएको ।	(१) नेपाल रि-इन्स्योरेन्स कम्पनी लि.सँग वि.सं. २०७९ श्रावण १ मा सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको । (२) हिमालय रि-इन्स्योरेन्स लि.सँग वि.सं. २०७९ जेठ ५ मा सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको ।
सावधिक जीवन बीमा सम्बन्धी पुनर्बीमा	कूल बीमाङ्क रकमको १० प्रतिशत नेपाल रि-इन्स्योरेन्स कम्पनी र १० प्रतिशत हिमालयन रि-इन्स्योरेन्स कम्पनीले जोखिम बहन गर्ने स्वः पश्चात् बाँकी रहेको ८० प्रतिशत मध्येको रु.५००,०००/- को जोखिम कम्पनी स्वयंले बहन गरी बाँकी बिमाङ्क रकम बिमाङ्क रकम पुनर्बीमा गर्ने व्यवस्था रहेको ।	(१) नेपाल रि-इन्स्योरेन्स कम्पनी लि. तथा हिमालय रि-इन्स्योरेन्स लि.सँग वि.सं. २०७८ श्रावण १ मा शुरु सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको ।
महाविपत्ती पुनर्बीमा	पुनर्बीमा कम्पनीसँगको सम्झौता अनुसार महाविपत्तीबाट हुने रु.१०,०००,०००/- सम्मको जोखिम कम्पनी स्वयंले बहन गर्ने र सो भन्दा माथि रु.४००,०००,०००/- सम्मको जोखिम पुनर्बीमा कम्पनीले बहन गर्ने व्यवस्था रहेको ।	(१) नेपाल रि-इन्स्योरेन्स कम्पनी लि.सँग वि.सं. २०७९ श्रावण १ मा सम्झौता भएको र प्रत्येक वर्ष वार्षिक रुपमा सम्झौता नविकरण हुने व्यवस्था रहेको ।

कम्पनीको सम्पत्ति लगायत अन्य सम्भावित जोखिमलाई न्यूनिकरणका लागि कम्पनीले आर्थिक वर्ष २०७९/८० मा कम्पनीको सम्पत्ती बीमा अन्तर्गत रु.११,८५,४६,७२८/- रकम बराबरको बीमा गर्दै आएको छ । प्रत्येक आर्थिक वर्षको लागि नेपालमा संचालित निर्जिवन बीमा कम्पनीसंग बीमा गर्ने गरिएको छ ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

सर्वसाधारणहरुको लागि रु.१००/- प्रति शेयरको दरले निष्काशनमा प्रिमियम रु.१४४/- थप गरी प्रति शेयर रु.२४४/- कायम गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१६. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित))" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम संख्यामा साधारण शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा माग बमोजिम शेयर बाँडफाँड गरी बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताले प्रत्याभूति सम्बन्धी सम्झौतामा भएको व्यवस्था अनुसार खरिद गर्नेछ ।
(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)) मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारणहरुले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराईनेछ र सोही विवरण अनुरुप आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँड मा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।
(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागू भईसकेको सन्दर्भमा यो व्यवस्था लागू नहुने ।
(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :** स्वीकृत विवरणपत्र मार्फत सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" बमोजिम साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता भए पश्चात् आवेदन फारममा उपलब्ध गराएको हितग्राही खातामा बाँडफाँडमा परेका शेयर जम्मा/वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
(ङ) **धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको
(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (सातौं संशोधन सहित)" बमोजिम साधारण शेयरको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचीकरण र दर्ता गराई शेयर खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१७. प्रत्याभूति सम्बन्धी विवरण :

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम : स्वीकृत विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने १,१२,५०,००० कित्ता साधारण शेयरको लागि रु.३,२६,२५,००,०००/- रकम बराबरको प्रत्याभूति सेवा देहाय बमोजिमका कम्पनीहरुद्वारा प्रदान गरिएको छ :

क्र.सं.	प्रत्याभूतिकर्ताको नाम	प्रत्याभूत शेयर कित्ता	प्रत्याभूत गरिएको रकम (रु.)
१	प्रभु क्यापिटल लिमिटेड	३,४४८,०००	९९९,९२०,०००
२	सिटिजन्स् क्यापिटल लिमिटेड	२,१२७,०००	६१६,८३०,०००
३	माछापुच्छ्रे क्यापिटल लिमिटेड	२,०६८,०००	५९९,७२०,०००
४	मुक्तिनाथ क्यापिटल लिमिटेड	१,२४१,०००	३५९,८९०,०००
५	हिमालयन क्यापिटल लिमिटेड	३००,०००	८७,०००,०००
६	सिभिल क्यापिटल मार्केट लिमिटेड	३४४,०००	९९,७६०,०००
७	सनराईज क्यापिटल लिमिटेड	६८९,०००	१९९,८१०,०००
८	सानिमा क्यापिटल लिमिटेड	२७५,०००	७९,७५०,०००
९	सानिमा इक्वीटी फण्ड	५८६,०००	१६९,९४०,०००
१०	सिटिजन्स् म्युचुअल फण्ड - २	१७२,०००	४९,८८०,०००
	जम्मा	११,२५०,०००	३,२६२,५००,०००

१८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको हकमा :

(१) स्वीकृत विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
(२) निष्काशित शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो ६ (छ) महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
(३) निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानीय बासिन्दा तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् । साथै, अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समूहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।
(४) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि वैदेशिक रोजगारमा रहेका नेपालीहरुले न्युनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा निष्काशित शेयरको हदसम्मका लागि आवेदन दिन सकिनेछ ।

सर्वसाधारण शेयरधनीको हकमा :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
२. स्वीकृत विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको "केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४" बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।
३. आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची २ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनु पर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसुची २ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले CRN नं. प्राप्त गरे पश्चात् शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।
६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ ।
७. आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसँग आवेदन फाराम भरी बुझाउनु पर्नेछः
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ।
   ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   छ. आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।
८. आवेदकले आवेदन दिंदा सि-आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनु हुदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
११. धितोपत्र खरिदका लागि दरखास्त दिदाँको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।
१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट ऋच्ल नं. लिईसकेको हुनुपर्नेछ ।
१४. शेयर बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

(१) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाण्डौं महानगरपालिका-११, एल एस कम्प्लेक्स, थापाथली, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
(२) स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि वैदेशिक रोजगारमा रहेका नेपालीहरुले न्युनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा निष्काशित शेयरको हदसम्मका लागि आवेदन दिन सकिनेछ ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कुल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण:

साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, बीमा ऐन तथा अन्य प्रचलित कानुनको अधिनमा रही कम्पनीको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ । जीवन बीमाको प्रकृति बमोजिम व्यवसाय वृद्धिको अनुपातमा चुक्ता पूँजी वृद्धि भएमा कम्पनीको वित्तीय क्षमता थप सुदृढ हुनका साथै चुक्ता पूँजी तथा जगेडा कोषलाई एउटा निश्चित अनुपातमा राख्दा कम्पनीको सोल्भेन्सी मार्जिन समेत सकारात्मक हुने भई कम्पनीको समग्र वित्तीय अवस्था सुदृढ हुने हुदाँ यस सार्वजनिक निष्काशनबाट प्राप्त रकमले उक्त अवस्था अनुकुल बनाउन मद्दत गर्दछ । यसैगरी नेपाल बीमा प्राधिकरणबाट जारी गरिएको नयाँ लगानी निर्देशिकाले विभिन्न पूर्वाधारजन्य क्षेत्रहरु तथा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरुमा लगानीको अवसरहरु प्रदान गरेकोले त्यस्तो क्षेत्रहरुमा लगानी विस्तारका लागि उक्त रकम उपयोगको लागि पहल गरिनेछ । साथै साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनीको नियमित कारोबार एवं आर्थिक कारोबारहरु विस्तार एवं वृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ :

क्र.सं.	निष्काशनबाट प्राप्त हुने रकम प्रयोग गरिने क्षेत्र	रकम (रु.हजारमा)
१	नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र तथा बचतपत्र	३९२,९३३
२	बैंक तथा वित्तीय संस्थाद्वारा जारी मुद्दती निक्षेप	१,०२१,६२४
३	बैंक तथा वित्तीय संस्थाद्वारा जारी ऋणपत्र तथा डिवेन्चर	३९२,९३३
४	सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बण्ड, डिवेञ्चर, ऋणपत्र	१३०,९७८
५	सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर	२०९,५६४
६	नागरिक लगानी कोष तथा म्युचुअल फण्ड	७८,५८६
७	घर जग्गा व्यवसाय	२६१,९५५
८	उत्पादनमूलक व्यवसायिक परियोजनाहरुमा लगानी	१३०,९७६
९	शाखा विस्तार तथा भौतिक पूर्वाधारको अभिवृद्धि	४४,४५१
	जम्मा रकम	२,६६४,०००

२१. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरु:

१. सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, काठमाण्डौ महानगरपालिका-११, एल.एस. कम्प्लेक्स, थापाथली काठमाडौं र वेभसाइट www.citizenlifenepal.com
२. एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेभसाइट www.niblcapital.com
३. नेपाल धितोपत्र बोर्डको वेवसाइटः www.sebon.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान:

१. वैदेशिक रोजगारमा रहेका नेपालीहरुले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्कासनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।	NIMB ACE CAPITAL-CITIZEN LIFE IPO	०३६०१०४०२६७१८२

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंक तथा राष्ट्रिस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२३. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत प्रथम चरणमा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि आवेदन खुल्ला गरिनेछ । जसको अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । उक्त शेयरहरु बाँडफाँड गरे पश्चात् सर्वसाधारणका लागि शेयर निष्काशन खुल्लाको आह्वानपत्र प्रकाशित गरिनेछ ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न र सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावकालागि अनुपालन अधिकृत श्री सुभाष पौडेलज्यूलाई निजकै कार्यकक्षमा वा निजलाई कार्यालय समय भित्र ०१-४४२५२८० (एक्सटेन्शनः ४१६) मा सम्पर्क गर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.
Wholly owned subsidiary of NIMB

एनआइएमबि एस क्यापिटल लिमिटेड
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@niblcapital.com, वेभसाइटः www.niblcapital.com

मिति २०८० आषाढ २२ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने